नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ६३९ मिति २०७२/०३/०४

नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय थापाथली, इजाजतपत्र प्राप्त "क" वर्गका सम्पूर्ण वाणिज्य बैंकहरु र "ख" वर्गका विकास बैंकहरु ।

विषय :- परिवर्त्य विदेशी मुद्रामा गरिने आयात प्रतितपत्र कारोवार सम्बन्धी इ.प्रा. परिपत्र संख्याः ५८० मा संशोधन ।

महाशय,

यस बैंकले मिति २०६९/५/१ मा जारी गरेको इ.प्रा. परिपत्र संख्याः ५८० को १३(४) मा भएको व्यवस्थालाई खारेज गरी देहाय बमोजिम हुने गरी संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

"१३(४) ओजोन तहलाई नष्ट गर्ने पदार्थहरु :

नेपालभित्र ओजोन तहलाई नष्ट गर्ने पदार्थहरुको पैठारी एवं उपभोगलाई नियन्त्रित गर्ने विषयको मिति २०५७ साल असोज ९ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचनाको खण्ड ३ मा सोही सूचनाको खण्ड १ को प्रकरण (क) र (ख) मा उल्लिखित ओजोन तहलाई नष्ट गर्ने पदार्थहरु तथा ओजन तहलाई नष्ट गर्ने वा नगर्ने दुवै प्रकारका Refrigerant Gas को आयातका लागि प्रतितपत्र खोल्नु अघि नेपाल सरकार, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको पूर्व अनुमति लिनुपर्नेछ ।"

भवदीय,

(भिष्मराज ढुङ्गाना)
का.मु. कार्यकारी निर्देशक

**बोधार्थ:**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री नेपाल सरकार, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय, सिंहदरवार, काठमाडौ ।
५. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. श्री बैंक सुपरिवेक्षण विभाग ।
७. श्री विकास बैंक सुपरिवेक्षण विभाग ।
८. श्री वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
९. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
१०. श्री सूचना प्रविधि विभाग ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाडौ ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एशोसियसन, अनामनगर, काठमाडौ ।
१३. श्री नेपाल उद्योग वाणिज्य महासंघ, मिलन मार्ग, टेकु ।
१४ श्री नेपाल उद्योग परिसंघ, मिलन मार्ग, टेकु ।